# महाबु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख ।

कर्णाली प्रदेश, नेपाल ।

**एम्वुलेन्स खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आहवानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७५/०९/०५ गते)

१. यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका मालसामानहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. सूचना प्रकाशित भएको मितिदेखी ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र दाताले अध्यावधिक नविकरण गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृध्दि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, उत्पादक कम्पनीले नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु तथा निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर जम्मा गरेको सक्कल भौचर/रसिद (फिर्ता नहुने) बुझाई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, दैलेखमा रहेको धरौटी खाता नं. ४०१०३०३००७१०२ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको लागी कम्तिमा १२० दिन र पत्रको लागी कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ र बैंक जमानीपत्रको उल्लेखित म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी हुनुपर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | सामानको विवरण | आवश्यक मालसामानको छोटकरी विवरण | आवश्यक संख्या | फारम दस्तुर रु. | जमानत रकम कबोल अंकको |
|---|---|---|---|---|---|
| MRM/GOODS /SQ/ 06/2075/076 | Ambulance | RHD/4WD Hardtop Jeep type Vehicle, Engine Max. Power output not less than 60 BHP & Max. Torque Not less than 110 Nm@ governed rpm. Ground Clearance Minimum 180 mm. Others are as per approved technical specification. | थान १ (एक) | १,०००/- (पत्र) | कम्तिमा २.५० प्रतिशत |



..............................

**भक्त बहादुर मल्ल**

प्रमुख प्रशासकिय अधिकृत